किस्पाङ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशनमा उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपाने द्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को

# बजेट

**किस्पाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**काहुले, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

**मिति:२०८१/०३/१० गते रोज २ शुभम्**

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ

**बजेट वक्तव्य**

किस्पाङ गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशन मिति २०८१।०३।१० गते सोमबारका दिन उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेले प्रस्तुत गर्नु भएको बजेट वक्तव्य ।

**आदरणीय सभाका अध्यक्षज्यू**

**सभाका सदस्यज्यूहरू,**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट वक्तव्य पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम नेपालमा लोकतन्त्र स्थापनाका नेपाली जनताको भवना अनुसार संघियता , समावेशी, लोकतन्त्र प्राप्त गर्न संघर्ष र अन्दोलनको मोर्चामा होमिएर एउटा युग-परिर्वतनकारी भुमिका खेल्दै स्थानिय सरकारको उपाध्यक्षको भुमिकामा रहँदा देश परिर्वतनका लागि जिवन बलिदान गर्नुहुने शहिदहरु ,घाइते अपाङ्ग बेपता नागरिकहरुले देखेका सपना र जनचाहनाहरु बजेट बक्तब्यमा प्रतिविम्वित गर्ने प्रयास गरेको छु।जनयूद्ध संयुक्त जनअन्दोलन मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप मुलुकमा गणतन्त्र, संघियता ,धर्मनिरपेक्षता, समानुपातिक समावेशीता मौलिक हक अधिकारहरु लगायतका केहि महत्वपुर्ण जनअधिकार स्थापनाको लागी संघिय गणतन्त्रात्मक संविधान निर्माणको लागि आन्दोलनको क्रममा आफ्नो जिवन बलिदान गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । घाइते ,अपाङ्ग तथा बेपता नागरिकहरु प्रती उच्च सम्मान र परिवारजनमा गहिरो सहानुभुति ब्यक्त गर्दछु ।

किस्पाङ बासीको सम्मृद्धि र सुखको मुख्य दस्तावेज आर्थिक वर्ष २०८१।८२ को वार्षिक बजेट तर्जुमाका क्रममा आफ्नो पदिय भूमिकामा रहि कार्य गर्नुहुने सम्पूर्ण विषयगत समितिका पदाधिकारी, किस्पाङ गाउँपालिकाका कर्मचारीहरू साथै यस नीति तथा कार्यक्रमलाई जनमूखी बनाउन आफ्नो अमूल्य सुझाव प्रदान गर्नुहुने नि-वर्तमान जनप्रतिनिधि, राजनितिक दल, टोल विकास संस्था, विभिन्न समितिहरु, क्लव, संस्था, समूह, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाका प्रतिनिधि र विभिन्न अधिकारवादी संघ संस्थाका प्रतिनिधका साथै सम्पुर्ण किस्पाङ वासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

**आदरणीय सभाका अध्यक्षज्यू-**

**सभाका सदस्यज्यूहरू,**

स्थानीय सरकार स्थापना भइसकेपछी दोश्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको स्थानीय सरकारको कार्यकाल पनि २ आर्थिक वर्ष व्यतित भइसकेको अवस्था छ । यो अवधिमा किस्पाङ गाउँपालिका भित्र भौतिक पूर्वाधार विकासको अवस्था सवल नै भए पनि सामाजिक पूर्वाधारको क्षेत्रमा अझै धेरै कार्य गर्नु आवश्यक देखिन्छ । सामाजिक न्याय, सामाजिक सूरक्षा, सामाजिक संरक्षण, सामाजिक चेतनाको विकास, श्रम संस्कारको विकास गर्दै लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता रहेको छ । उद्यमशिलताको विकास मार्फत रोजगारी सृझना गर्दै किस्पाङ गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्दै आत्म निर्भर किस्पाङ निर्माण गर्नु पनि अबको मुख्य अभिभारा रहेको छ । सु-संस्कृत समतामूलक समृद्ध र किस्पाङ निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिकावासिको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिज्ञाहरू साथै देखेका सपनाहरू क्रमबद्धरूपमा पुरा गर्ने दिशामा आगामी आ. व. २०८१/०८२ को वार्षिक बजेटलाई लक्षित गरेको छु। पर्यटन विकास,दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय पूर्वाधार निर्माण सहीत स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, समतामूलक, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास, श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास, सामाजिक पूर्वाधारको विकास सबै प्रकारका भेदभावको अन्त्य सहीतको समतामुलक समाजको निर्माण मार्फत सु-संस्कृत समतामुलक र समृद्ध किस्पाङको दीर्घकालीन सोच अनुरूप लक्ष्य हासिल गर्न यो वार्षिक बजेट लक्षित रहेको जानकारी गराउन चाहन्छु ।

**आदरणीय सभाका अध्यक्षज्यू**

**सभाका सदस्यज्यूहरू,**

आज मितिः२०८१।०३।१० मा किस्पाङ गाउँपालिकाको गाउँसभाको यो चौधौं अधिवेशनमा गाउँपालिका उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यूहरु**

सर्वप्रथम म आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमाका आधारहरु**

- नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशिक सिद्धान्त र नीतिहरु, संघ प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका आधारहरु
- स्थानीय सरकार संचालन ऐन २०७४
- पन्ध्रौ योजनाको लक्ष्य रणनीति र उद्देश्यहरु
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
- दिगो विकासका लक्षहरु
- संघीय,प्रादेशिक तथा स्थानीय तहको प्रचलित कानून, नीति, योजना तथा कार्यक्रमहरु
- जनताको विकास र सेवा प्रवाहका अपेक्षाहरु
- स्थानीय आवश्यकता र राजश्वको क्षमता
- विभिन्न विद्वान वर्ग र सरोकारवालाको राय सल्लाह र सुझावहरु

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

किस्पाङ गाउँपालिकाको अर्थतन्त्रका विद्यमान अवसर तथा चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अवसरहरु**

- सांस्कृतिक विविधता र विविधता भित्रको एकता र सहिस्णुता ।
- पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण सम्भावना बोकेको भेडा फार्म क्षेत्र दुम्पाङ, गयर फुङफुङ झरना, फिकुरी महादेव, नौघडेरी किस्पाङ पोखरी, चामछाप्पा, मनकामना मन्दिर ,लुम्बुडाडाँ आदि जस्ता पर्यटकीय धार्मिक र सास्कृतिक स्थानहरु रहेको
- पूर्वाधार विकासको सबल अवस्था
- उच्च मूल्ययुक्त बालिहरु कफी, किवी, अलैची, ओखर, स्याउ, जडिबुटी, चिराइतो, सतुवा, लौठसल्ला, धसिङ्गारे र गाइभैसि, भेडाबाख्र जस्ता पशुपालन तथा रेम्बो ट्राउट माछा पालनको लागि प्रचुर सम्भावना ।
- पर्यटन विकास विकासको प्रचुर सम्भावना
- गणेश, लामटाङ लगायतका हिमश्रृंखलाहरुको मनमोहक दृष्य हेर्न सकिने ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

- मानव संसाधनको प्रचुर उपलब्धता ।

**विद्यमान चुनौती**

- दिगो र सर्वसुलभ भौतिक पूर्वाधार, श्रम संस्कृतिको विकास मार्फत समृद्ध किस्पाङ निर्माण गर्नु ।
- परम्परागत कृषि तथा पशुपन्छी व्यवसायलाई आधुनिकीकरण गरी व्यवसायिकरण गर्नु
- सामाजिक पूर्वाधारको विकास मार्फत सामाजिक चेतना अभिवृद्धी गर्नु ।
- सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समता मुलक समाज निर्माण गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु ।
- गाउँपालिकाको कच्ची सडकहरुलाई क्रमःश स्तरोन्नती गर्दै लैजानु ।
- उद्यमशीलताको विकास, स्वरोजगारी र रोजगारी मार्फत गरिवी निवारण गर्नु ।
- संस्थागत सुशासन प्रभावकारी तुल्याउनु ।
- दिगो विकास, जलवायु अनुकुल विकास, लैङ्गिक उत्तरदायी विकासको अवधारणालाई प्राथमिकीकरण गर्नु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु** ।

अव म आर्थिक वर्ष २०८१।८२ को बजेटको प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**आगामी आर्थिक वर्षको बजेट कार्यक्रमका प्राथिमिकताहरु**

- सामुदायिक विद्यालयको गुणस्तरमा सुधार र सर्वसुलभ शिक्षा ।
- श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास मार्फत स्वरोजगारी र रोजगारी सृजना ।
- परम्परागत र घरेलु उत्पादनलाई प्रोत्साहन ।
- सामाजिक सुरक्षा र संरक्षण, सामाजिक न्याय र समानता ।
- किस्पाङ जागरण अभियान संचालन ।
- सुशासन र संस्थागत क्षमता अभिवृद्धि ।
- पारदर्शि र जवाफदेही शासन, हेलो किस्पाङ टेलिफोन हटलाइन सेवा संचालन ।
- ज्येष्ठ नागरिक एकल महिला र आमाबाबु विहिन तथा टुहुरा बालबालिकाको विशेष संरक्षण ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरबल तामाङ
अध्यक्ष

आदरणीय सभाका अध्यक्षज्यू-,

सभाका सदस्यज्यूहरु ।

अव म आर्थिक वर्ष २०८१।८२ को बजेटको अपेक्षित उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

अपेक्षित उपलब्धिहरु

- किस्पाङ बहु-प्राविधिक शिक्षालयको प्रभावकारी संचालन मार्फत गाउँपालिका भित्र प्राविधिक जनशक्ति उत्पादनमा वृद्धि हुने ।
- संस्थागत क्षमता अभिवृद्धि र सुशासन कायम गर्न सवै वडा कार्यालयहरुको आवश्यकता अनुसार भौतिक तथा संस्थागत क्षमाता विकास हुने ।
- जनताको गुनासो सम्बोधन गर्दै जनउत्तरदायी सरकार स्थापना गर्न हेलो किस्पाङ गुनासो व्यवस्थापन संयन्त्र स्थापना हुने ।
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी संक्रामक रोगहरुको संक्रमण रोकथाम तथा नियन्त्रण गरिने, ज्येष्ठ नागरिकको घरदैलोमानै पुगेर नियमित स्वास्थ्य परिक्षण गर्न अध्यक्ष संग ज्येष्ठ नागरिक कार्यक्रम संचालन हुने ।
- सुशासन र सेवा प्रवाहको प्रभावकारीताका लागि सवै कर्मचारी, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसंग कार्यसम्पादन सम्झौता हुने ।
- वार्षिक बजेट लैङ्गिक रुपमा उत्तरदायी हुने ।
- विपन्न नागरिक, सहिद परिवार, द्वन्द पिडित, ज्येष्ठ नागरिक, एकल महिला, टुहुरा बालबालिका र अपांगता भएका व्यक्तिहरुको विशेष संरक्षण हुने ।
- किस्पाङ कृषि रुपान्तरण परियोजना संचालन गरी ३० महिना भित्र प्रत्यक्ष वा अप्रत्यक्ष गरी कृषि तथा क्षेत्रमा करिव ३ हजार रोजगार सृजना हुने ।
- किस्पाङ जागरण अभियान संचालन गरी रैथाने भाषा संस्कृति र किस्पाङको मौलिक कला साहित्य र संस्कृति संरक्षण हुनुका साथै सामाजिक चेतना अभिवृद्धि मार्फत न्याय र समानतामा आधारीत समाज निर्माण हुने ।
- दिगो सर्वसुलभ र गुणस्तरीय भौतिक पूर्वाधार विकास हुने ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

- सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार भई बालमैत्री शिक्षामा सुधार हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको निर्माण गर्न सामुदायिक शिक्षामा आमुल परिवर्तन हुने ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु** ।

अध्यक्षज्यूबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम अनुसार चालु वर्षको समिक्षात्मक विवरण र आ.व.२०८१/८२ को बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आर्थिक वर्ष २०८०।८१ को बजेटको समिक्षा विवरण

गत आर्थिक वर्ष २०७९।८० को यथार्थ आय ४७ करोड ४५ लाख ३६ हजार १ रुपैया र पैसा ९१ मात्र र यथार्थ व्यय ३९ करोड ९८ लाख ६ हजार २ सय उनान्चालिस रुपैया र पैसा ९० मात्र भएको जानकारी गराउन चाहन्छु । कुल अनुमानको७८.१८प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्ष २०८०।८१ मा कुल ४६ करोड ६३ लाख ३५ हजार बजेट विनियोजन भएकोमा हाल सम्मको खर्च र सृजना भएको दायित्व अनुसार करीब ५ करोड ७१ लाख ५५ हजार ९ सय १ रुपैया मात्र रकम अ.ल्या.भइ आगामी आ.व.मा आम्दानी हुने अनुमान गरेको छु ।असार मसान्त सम्मको संशोधित आयव्ययको अनुमान र आगामी आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय र प्रस्तावित व्ययको विवरण अनुसूचीमा उल्लेखित गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

अव म विषय तथा क्षेत्रगत विकासका वार्षिक मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**स्वास्थ्य तथा सरसफाई**

१. गाउँपालिका भित्र गुणस्तरीय र आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि पाँचवटै वडाका स्वास्थ्यचौकीहरुबाट सेवा प्रदान गर्ने गरी एम.बि.बि.एस डाक्टरको व्यवस्था गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।
२. महिलाहरूको पाठेघर स्क्रिनिङ,आँखा शिविर, प्रोस्टेट लगायतका स्वास्थ्य समस्याको स्क्रिनिङ र अन्य शिविरहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

३. **अध्यक्ष संग ज्येष्ठ नागरीक स्वास्थ्य कार्यक्रम** मार्फत गाउँपालिका भित्रका ७० बर्ष नाघेका सबै ज्येष्ठ नागरिकको घरदैलोमा पुगेर मासिक रुपमा २ पटक अनिवार्य रुपमा नियमित स्वास्थ्य परिक्षणको लागि ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

४. दलित र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइ यसको दायरा वृद्धि गर्दै पालिका भित्रका सबै दीर्घरोगी र अति विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्न ५ लाख बजेट विनियोजन गरेको छु ।

५. संस्थागत सुशासनलाई प्रभावकारी बनाउन सबै स्वास्थ्यचौकीहरुमा इ-हाजिरीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

६. जिरो होम डेलिभरीको कार्यक्रम, स्वास्थ्य सेवालाई किशोर-किशोरी मैत्री कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७. आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक औषधि तथा उपकरणहरुको सुनिश्चिततताका लागि आवश्यक पर्ने रकम रु ९ लाख बजेट विनियोजन गरेको छु

८. सबै वडाको जनसंख्याको विवरण लिन घरधुरी सर्वेक्षणको लागि महिला स्वास्थ्य स्वयंसेविका ,शिक्षक र कर्मचारी खटाई जनसंख्या विवरण अद्यावधिक गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

९. स्वास्थ्यचौकीमा आवश्यकता अनुसार खोप भण्डारण र प्रयोगशाला सेवाको विस्तार को लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

१०. सबै वडाहरूमा आँखा शिविर र नसर्ने रोगलाई न्यूनीकरण गर्न स्वास्थ्य प्रर्वधनात्मक, निदानात्मक, उपचारात्मक सेवामा विशेष जोड दिइनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

११. **"स्वस्थ आमा स्वस्थ समाज"** कार्यक्रमको प्रभावकारीताका लागि सुनौला हजार दिनका महिला तथा बालबालीकाको पोषणलाई मध्यनजर गर्दै अण्डा-झण्डा कार्यक्रमलाई निरन्तरता दिनको लागि रु ४ लाख रकम विनियोजन गरेको छु ।

१२. स्वास्थ्य आमासमूहको क्षमता विकास सशक्तीकरण मार्फत आमास्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेकोछु ।

१३. किस्पाङ गाउँपालिकाका जनताहरूलाई सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी यौन प्रजनन स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य लगायतका स्वास्थ्य सेवा सम्बन्धित स्वास्थ्य चौकीबाट नियमित चुस्त-दुरूस्त सेवा प्रवाह गर्न औषधि उपकरणको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१४. पोषणयुक्त खानेकुरा प्रयोग सम्बन्धि जनचेतना फैलाउन सबै वडामा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

१५. हाल बढीरहेको मानसिक रोग न्यूनीकरण गर्न मनोसामाजिक परामर्श तथा स्वास्थ्य सेवा ,२४ घण्टे प्रसुती सेवामा संलग्न नर्सिङ कर्मचारी, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्न थप कार्यक्रमको लाई आवश्यक सेवा सुविधाको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

१६. किस्पाङ नागरिक आरोग्य सेवालाई थप प्रभावकारी बनाउन आवश्यक ,आयुर्वेदिक औषधि निःशुल्क वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

१७. सुत्केरी आमाको लागि रु. ३०००।-पोषण खर्च दिने व्यवस्थाको लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु । साथै महिला स्वंय-सेविकाहरुलाई हाल दिदै आएको रु. ५०० भत्तालाई सोही बरावर नै थप गरी प्रति महिला स्वयंसेविका मासिक रु. १०००। दिने कार्यक्रमलाई निरन्तरता गरेको छु ।

आधारभूत स्वास्थ्य सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवा सुदृढीकरण, जनशक्तिको क्षमता विकास समेतको लागि स्वास्थ्य तथा सरसफाई तर्फ कुल रु. ८५ लाख ५ हजार विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**
**<u>शिक्षा युवा तथा खेलकुद</u>**

१. सामुदायिक विद्यालयहरुवीच शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रतिस्पर्धात्मक भावनाको विकास गर्न उत्कृष्ट विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीलाई पुरस्कृत गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२. प्रधानाध्यापकहरुलाई उत्प्रेरित गर्दै सामुदायिक विद्यालयको व्यवस्थापकिय क्षमतालाई प्रभावकारी बनाउन प्रधानाध्यापकहरुको मासिक भत्ता र बैठक भत्तामा वृद्धि तथा मासिक इन्धनको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

३. शिक्षक तथा विद्यालय कर्मचारीहरूको प्राविधिक क्षमता विकास गर्न आई.सि.टि, तथ्याङ्क व्यवस्थापन, लेखा, इमिश, तथा क्षमता विकास सम्बन्धी तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

४. परिवर्तित नयाँ पाठ्यक्रमलाई थप प्रभावकारी बनाउन शिक्षकहरुलाई तालिमको लागि ५ लाख बजेटको व्यवस्था गरेको छु ।

५. जेहेन्दार छोरीहरुको लागि उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गरी सभ्य र समता मूलक समाज निर्माण गर्न स्नातक तह अध्ययनको लागि आवश्यक छात्रवृत्तिको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरबल तामाङ
अध्यक्ष

६. विद्यार्थीहरुको क्षमता वृद्धि गर्न अतिरिक्त क्रियाकलाप थप प्रभावकारी बनाउन गाउँपालिकामा खेलकुद शिक्षक, संगित र नृत्य शिक्षकको लागि आवश्यक बजेटको रु ३ लाख बजेट विनियोजन गरेको छ ।

७. सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर वृद्धीको लागि परिवर्तित पुस्तक व्यवस्थापनको लागि अनुदान रकमको रुपमा रु १५ लाख बजेट व्यवस्था गरेको छ ।

८. विद्यालयमा महिलामैत्री वातावरण सृजना गर्न स्यानेटरी प्याड वितरण र सोको उचित प्रबन्ध मिलाउनको लागि आवश्यक बजेट विनियोजन गरेकोछ ।

९. गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा सुशासन कायम गराउन विद्युतीय हाजिरी व्यवस्थापनको लागि रु ३ लाख रकम बजेटको व्यवस्था गरेकोछ ।

१०. **"प्राविधिक तथा उत्पादनमुखी शिक्षा, समृद्ध किस्पाङको इच्छा"** भन्ने नारालाई मूर्तरूप दिन प्राविधिक शिक्षालाई जोड दिन किस्पाङ बहु प्राविधिक शिक्षालय संचालन व्यवस्थापनको लागि रु २५ लाख रकम विनियोजन गरेको छ ।

११. किस्पाङको मौलिकता सुहाउँदो र उत्पादनमुखी शिक्षालाई प्रोत्साहन गर्न स्थानीय पाठ्यपुस्तक कक्षा १ देखी ३ निर्माण गरी कार्यान्वयनमा ल्याउन रु ३ लाख ५० हजार रकम विनियोजन गरेकोछ ।

१२. किस्पाङ गाउँपालिका भित्रका सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालिकाहरुलाई थप प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरेकोछ ।

१३. कला, साहित्य र संस्कृतिको प्रवद्धन गर्न साहित्यिक बुलेटिन र सङ्गीत वाद्यवादनका सामाग्रीहरूको व्यवस्थापन गर्न र सामुदायिक विद्यालयमा कम्प्युटर प्रविधि ,आइ.सि.टी. मर्मत तथा सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

१४. परीक्षालाई मर्यादित र गुणस्तरीय बनाउन कक्षा ४ देखि ९ सम्म सम्पूर्ण परीक्षा व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछ ।

१५. नेपाल सरकारले प्रदान गर्ने रकममा थप वृद्धि गरी दिवा खाजालाई प्रभावकारी बनाउन दिवाखाजाको लागि प्रति विद्यार्थी रु ५ का दरले आवश्यक थप बजेट विनियोजन गरेको छ ।

१६. आवश्यकताका आधारमा सामुदायिक विद्यालयहरुलाई शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन भौगोलिक जटिलता र विद्यालयको दुरीको विषयलाई मध्येनजर गर्दै ज्ञानज्योती माध्यमिक विद्यालयमा विद्यालय बस संचालन गर्न ५ लाख बजेट विनियोजन गरेको छ ।

१७. अति विपन्न टुहुरा बालबालीकाहरुलाई थप स्टेश्नरी वितरण र छात्रवृत्तिको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

१८. भौतिक पुर्वाधारको दृष्टिकोणले कमजोर अवस्थामा रहेको जल्जुखोला माध्यमिक विद्यालयको पुर्वाधार विकास गर्न २० लाख बजेट विनियोजन गरेको छु ।

१९. यूवा क्लब परिचालन र राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन र विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभाको पहिचान गर्न विभिन्न अतिरिक्त क्रियाकलाप र खेलकुदको एकीकृत कार्यक्रम संचालन गर्नको लागि रु ५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

२०. युवाहरुमा सकारात्मक सोच र उत्प्रेरणा अभिवृद्धि गर्न र युवा उद्यमशिलता विकास गर्न र युवाहरुको प्रतिभालाई कदर गर्न रु **२० लाख बजेट विनियोजन गरेको छु ।**

२१. सार्वजनिक सेवा प्रवेशमा युवाहरुलाई प्रोत्साहन गर्न लोकसेवा तथा शिक्षकसेवा आयोगको तयारी कक्षाहरु संचालन गर्न आवश्यक रकम रु ५ लाख विनियोजन गरेको छु ।

सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रमको व्यवस्था,कार्यरत कार्यालय सहयोगी, बाल विकास शिक्षक तथा लेखापालहरुको पारिश्रमिक लगायतका शिर्षकहरुलाई निरन्तरता दिदैं शैक्षिक गुणस्तर सुधार गरी सामुदायिक विद्यालय प्रति विश्वाशको वातावरण सृजना गर्न विद्यालय प्रभावकारी सञ्चालनको लागि रु. १ करोड ४८ लाख ८५ हजार ५ सय रकमको विनियोजन गरेको छु।

खेलकुद क्षेत्रको विकास र प्रवर्धनको लागि रु. २० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**
**<u>कृषि तथा पशुपन्छी विकास</u>**

१. कृषकहरूलाई प्राविधिक सेवाको पहुँच सहज बनाउन प्रत्येक वडामा कृषि तथा पशु सेवा केन्द्र मार्फत प्राविधिक सेवा र अत्यावश्यक सामाग्री व्यवस्था गरी थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२. कृषि बालीको रोग निदानको लागि प्रत्येक वडामा प्रत्येक महिना बाली उपचार शिविर संचालनको लागि ४ लाख बजेटको विनियोजन गरेको छु ।

३. उच्च मूल्य वालि उत्पादन प्रोत्साहन अनुदानकोलागि आवश्यक बजेट रु २ लाख ५० हजार विनियोजन गरेको छु ।

४. माटोको गुणस्तर अभिवृद्धि गर्न माटो परीक्षण शिविरको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५. प्रत्येक वडामा एक/एक वटा **बहुउद्देश्यीय नमूना प्लास्टिक पोखरी निर्माण** मार्फत विपद् व्यवस्थापन साथै सिँचाई सुविधाको लागि प्रयोग गर्न आवश्यक बजेट रु १ लाख ५० हजार विनियोजन गरेकोछु ।

**अर्जुन प्रसाद न्यौपाने**
**उपाध्यक्ष**

**विरवल तामाङ**
**अध्यक्ष**

६. किसानहरुले उत्पादन गरिरहेको र थप उत्पादन वृद्धि गर्न उत्पादनमा आधारित दुध बिक्री वितरणमा अनुदानको लागि रु ६ लाख बजेट विनियोजन गरेको छु ।

७. भेडा पालनलाई प्रोत्साहित गर्न युवा लक्षित भेडा पालन तथा भेडा विकास प्रवर्धन कार्यक्रम मार्फत भेडाको ऊन प्रशोधन गरी तयारी ऊन उत्पादन तथा प्रवर्धनको लागि आवश्यक बजेट रु ३ लाख विनियोजन गरेकोछु।

८. रेन्बो ट्राउट माछा पालनलाई प्रवर्धन गर्दै रोजगारी सृजना, उद्यमशिलता विकास र पर्यटन विकासको लागि ट्राउट माछा उत्पादन अनुदानको लागि रकम रु ४ लाख विनियोजन गरेकोछु।

९. व्यवसायिक रुपमा भेडा/बाख्रा पालन तथा लेयर्स/लोकल कुखुरा पालनको लागि आवश्यक अनुदान व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१०. कृषि र पशुविज्ञानको प्राविधिक शिक्षा अध्ययनको लागि आवश्यक छात्रवृत्तिकोलागि रकम रु २ लाख विनियोजन गरेको छु ।

११. धान, गहुँ र मकै जस्ता बालीहरूको उत्पादनमा जोड दिन उन्नत बीउको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

१२. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम सञ्चालनगर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१३. नियमित बाली संरक्षण तथा आकस्मिक बाली संरक्षणको लागि आवश्यक विषादीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१४. सिंचाई सुविधा उपलब्ध नभएको क्षेत्रमा वर्षभरी नै सिंचाई गर्ने गरी आवश्यक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट रु ७ लाख विनियोजन गरेकोछु ।।

१५. कृषकको लगानीलाई आर्थिक जोखिमबाट सुरक्षित बनाउन र पशुधन संरक्षण गर्न पशु तथा बाली वीमालाई प्रोत्साहन गर्न, पशुपन्छि सम्बन्धी महामारी नियन्त्रण तथा रोकथाम (लम्पी, रेविज) को लागि आवश्यक भ्याक्सिन, शिविरहरू सञ्चालन गर्न साथै कृषकहरूको टोल टोलमा नै पहुँच हुने गरि पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१६. स्वदेशमा नै रोजगारी सृजना हुने गरी व्यवसायिक गाई तथा भैंसीपालन, उन्नत पशु आहारा व्यवस्थापन, दाना प्रशोधन प्रविधि, हिउँदे तथा वर्षे घाँसको बिरुवा व्यवस्थापन गरी पशुको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१७. कृषकहरूलाइ प्राविधिक सेवा पहुँच सरल र सहज बनाउन प्रत्येक वडामा प्राविधिक सेवा सहित वडा सेवा केन्द्रबाट नै अत्यावश्यक पशु औषधी निःशुल्क रूपमा वितरण गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट

विरवल तामाङ
अध्यक्ष

१८. पशुपन्छि सम्बन्धी समस्या निदानको लागि गाउँपालिकाबाट पशु चिकित्सक(डाक्टर), प्रयोगशाला, उपचार, परामर्श, आवश्यक यन्त्र, उपकरण तथा ल्याव सहितको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. नश्ल सुधारको लागि कृतिम गर्भाधान कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. स्वदेशमा नै रोजगारी सृजना हुने गरि महिला, दलित, युवा लक्षित, व्यवसायिक बाख्रा, गाईभैंसी, कुखुरा, बंगुर फर्महरू विकास र विस्तार गरि उन्नत पशुपालनलाई जोड दिइ उन्नत पशु आहारा व्यवस्थापन तथा वर्षे घाँसको बीउ तथा बिरुवा व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

२१. डिप्लोमा कृषि/पशु सम्बन्धी प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विधार्थीहरुको लागि पूर्ण वा आंशिक छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।

चक्लावन्दी खेती, एक वडा एक नर्सरी, कृषि यान्त्रिकिकरण अनुदान मार्फत कृषि क्षेत्रको विकास गरी स्वरोजगार सृजना गर्न र कृषि उपजको उत्पादन र बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।प्रत्येक वडामा रहेका कृषि सेवा केन्द्र प्रभावकारी रुपमा सञ्चालनको लागि भएका आवश्यक कर्मचारीहरु परिचालन गरी समग्र कृषि क्षेत्रको विकासको लागि संघीय सशर्त कार्यक्रम बाहेक स्थानीय तहवाट रु.४९ लाख २५ हजार र पशु विकास तथा पशु जन्य उत्पादन प्रवर्द्धन, बजारीकरण, क्षमता विकास, नश्ल सुधार, डाक्टर सहित पशुपंछी स्वास्थ्य प्रयोगशाला सेवा, वडा कार्यालय वाट पशु प्राविधिक सेवा र अत्यावश्यक औषधी, माहामारी नियन्त्रण तथा प्राविधिक सेवा टेवा कार्यक्रम सञ्चालनको लागि पशुपंन्छी तथा मत्स्य विकास तर्फ रु.५७ लाख ८५ हजार विनियोजन गरी जम्मा १ करोड ७ लाख १० हजार विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**<u>रोजगार/लघु उद्यम विकास</u>**

१. **"श्रमको सम्मान, गरिवी निवारण, समृद्ध किस्पाङ हाम्रो अभियान"**को नारालाई श्रम सहभागिता संग जोड्न कामका लागि नगद कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२. किस्पाङ को पानि ब्राण्डिङ गरि उद्योग संचालनको लागी लागत साझेदारी कार्यक्रम संञ्चालन गर्न रकम रु ३लाख विनियोजन गरेको छु ।

**अर्जुन प्रसाद न्यौपाने**
**उपाध्यक्ष**

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश

**विरवल तामाङ**
अध्यक्ष

३. स्थानीय स्रोत साधनको परिचालन गर्दै बाँसका सामाग्री, झोला बुन्ने, स्यामा तथा तामाङ संस्कृतिका भेष-भूषा तथा पहिरन निर्माण, गलैंचा बनाउने तथा स्थानीय मौलिकता झल्कने सामाग्रीहरूको लघु उद्यम व्यवसाय प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

४. आर्थिक स्तर कम भएका महिला, दलित, युवाहरूलाई लघु उद्यम व्यवसाय मार्फत रोजगारी सृजना गर्न लघु उद्यम सम्बन्धी सीपमूलक तालिम, स्थानीय युवाहरुलाई उद्यमशिल कार्यसंग जोड्न र उद्यमशिलता विकास गर्न डल्लो साबुन बनाउने सिप विकास तालिम र प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेट रु ३ लाख विनियोजन गरेको छु।

५. नास्पाती, आरूवखडा, किवी, कोदो जस्ता स्थानीय उत्पादनलाई कच्चा पदार्थको रूपमा प्रयोग गरि जामजेलि, वाइन र रक्सी उत्पादनको सम्भाव्यता अध्ययन अनुसन्धान, उत्पादन तथा ब्रान्डिङको लागि आवश्यक बजेट रु २ लाख ५० हजार विनियोजन गरेको छु।

६. व्यवसाय सञ्चालन गरिरहेका पुराना लघु उद्यमीहरूलाई थप स्तरोन्नतीका कार्यक्रमहरू सञ्चालन गर्न र परम्परागत काठका ठेकि, पोङ जस्ता सामाग्री उत्पादन गर्ने नवीनतम् सीप र प्रविधि प्रयोग गरि उत्पादन गर्ने लघु उद्यमीहरू सृजना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७. समूहमा व्यवसाय गरिरहेका लघु उद्यमीहरूलाई सामूहिक रूपमा प्रविधिमा सहयोग कार्यक्रमहरू संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८. रोजगार सेवा केन्द्रबाट आ.ब.०८१/०८२ मा कम्तीमा १०० जना सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

१०. **"श्रमको सम्मान राष्ट्रको अभियान"** भन्ने नारालाई सामुदायिक पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गरेकोछु।

११. गाउँपालिका स्तरीय योजनाहरू कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई उच्च प्राथमिकताका साथ रोजगारी प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

लघु उद्यमको विकास र प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्न श्रम संस्कृतिको विकास गर्न स्थानीय स्तरमा उद्योग प्रवर्धन गरी रोजगारी सृजना गर्न रोजगार /लघु उद्यम विकास क्षेत्रमा स्थानीय सरकार मार्फत कुल रु.१६ लाख विनियोजना गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यू हरु**

**अर्जुन प्रसाद न्यौपाने**
**उपाध्यक्ष**

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

**पर्यटन विकास**

१. पर्यटन विकास र प्रवर्द्धनको किस्पाङ नौघडेरी पर्यटन पूर्वाधार विकासको लागि आवश्यक बजेट व्यवस्था गरेकोछु।
२. आन्तरिक तथा वैदेशिक पर्यटन प्रवर्धन गर्न होमस्टे संचालन गर्न आवश्यक बजेट रु ६ लाख विनियोजन गरेकोछु ।

गाउँपालिका क्षेत्र भित्र पर्यटकीय सम्भाव्यता अध्ययन तथा विकासको लागि रु १२ लाख बजेट विनियोजन गरेको छु ।

**वर्षातबाट क्षति बाटो सरसफाई**

गाउँपालिकामा भएको ब्याक हो लोडरलाई तयारिको अवस्थामा राख्नुको साथै आवश्यक इन्धन तथा मोविल ग्रिजको ब्यवस्था गरी वर्षातवाट क्षती भएका सडकहरुलाई तत्काल सञ्चालनको लागि रू. २५ लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**वन, वातावरण तथा विपद्व्यवस्थापन**

१. वनजन्य उत्पादन बाँस, निगालो, तथा काष्ठ सामाग्रीबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जनागर्न आवश्यक बजेट विनियोजन गरेकोछु।
२. सुरक्षा निकायलाई विपद् प्रतिकार्यका लागि आवश्यक न्यूनतम सामाग्री व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।
३. किस्पाङ पोखरी, नौघडेरी पर्यटन गुरू योजनामा पार्क र वनभोज स्थल निर्माण कार्यलाई निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
४. वर्षे खहरे खोलाको बाढीको कारण उत्पन्न मानवीय जोखिम न्यूनीकरण गरी आवतजावत सहजिकरण गर्न झोलुङ्गे पुल निर्माणकालागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५. गाउँपालिकाको कठिन भौगोलिक अवस्थाले जल-उत्पन्न प्रकोप र पहिरो नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण भएकोले नियन्त्रणको लागि वायो-ईन्जिनियरिङ तथा तार जाली व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
६. बाढी, पहिरो र आगलागीबाट घरबार विहीन भएका वा बस्ती नै स्थानान्तरण गर्नु पर्ने भएका परिवारको निजी आवास निर्माण गर्न विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्यमा आवश्यक बजेट विनियोजन गरेको छु।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरबल तामाङ
अध्यक्ष

७. लौठ सल्ला खेती विकास तथा प्रवर्धनको लागि आवश्यक बजेट रु ३ लाख विनियोजन गरेकोछु ।

वन, वातावरण तथा विपद्व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरणको लागि रोकथाम, नियन्त्रण, उपचार राहत आदि कार्यका लागि विपद् व्यबस्थापन कोषमा रु. १३ लाख, विपद सामाग्री खरिदको लागि रु ५० हजार र बन क्षेत्रको लागि रु ३ लाख गरी जम्मा रु १६ लाख ५० हजार विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम</u>**

१. सबै प्रकारका लैंगिक हिंसा र विभेदको अन्त्य गरि लैंगिक तथा घरेलु हिंसा निवारणका लागी महिला शसक्तिकरण र क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
२. लैंगिक हिंसापिडितलाई मनोसामाजिक परामर्शका साथै पुर्नस्थापना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।
३. लैंगिक हिँसा विरुद्दको १६ दिने अभियानलाई अध्यक्ष छोरी आत्मरक्षा कार्यक्रम संग आबद्द गरि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
४. विपन्न तथा एकल महिलालाई उधमशिल बनाउन उधमशीलता विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्ययोजना तयार पार्न आवश्यक बजेट विनियोजन गरेको छु।
६. बालमैत्री स्थानीयतह प्रोत्साहन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

लै.स.सा.स.महिला, दलित, अपांग र अति विपन्न समुदायलाई स्वरोजगारी सृजना गर्न, सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्याउन तथा जेष्ठ नागरिक र बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्न रु. १३ लाख ६५ हजार रकम विनियोजन गरेको छु ।

- मौलिक, भाषा ,संस्कृति ,संरक्षण तथा प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश नेपाल

विरवल तामाङ
अध्यक्ष

- संस्थागत स्वमूल्यांकन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा वित्तीय सुशासन जोखिम मूल्याङकन गर्न आवश्यक रकम व्यवस्था गरेको छु।
- वडागत रुपमा रहेका योजनाहरुको मर्मत संभार तथा साना योजनाहरु निर्माणको लागि प्रत्येक वडामा रु. ४६ लाखका दरले जम्मा रु २ करोड ७६ लाख विनियोजन गरेको छु ।
- पूर्वाधार विकास नै विकासको मेरुदण्ड भएको महसुस गर्दै पूर्वाधार विकासमा तिनै तहका सरकारवाट प्राथमिकता दिदैं आएकोमा संघीय सरकारसंग समपुरक योजनामा गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरुमा आवश्यक बजेटको व्यवस्था भएको छ । यसको लागि ३ करोड ४० लाख विनियोजन गरेकोछु ।
- सूचना तथा अभिलेख व्यवस्था गर्न, संचार प्रविधि मैत्री बनाउने र सूचना केन्द्र व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**<u>सहकारी विकास कार्यक्रम</u>**

१. स्थानीय उत्पादनलाई प्रोत्साहन तथा बजारीकरणको लागि स्थानीय उत्पादनमा आधारित सहकारी हाट बजार संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
२. फलफूल तथा तरकारीमा आत्म निर्भर बन्न प्रत्येक वडामा फलफूल तथा तरकारी संकलन केन्द्र संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
३. सहकारीहरू सबल, सक्षम र उत्कृष्ट बनाउन सहकारी व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम (कम्प्युटर तालिम) सहकारी व्यवस्थापन तालिम COPOMIS, PEARLS नेतृत्व विकास तथा विविध तालिमको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

सहकारी क्षेत्रको विकास, विस्तार प्रवर्द्धन तथा रोजगारी सृजना गर्ने खालका कार्यक्रम सञ्चालनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**<u>सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी कार्यक्रम</u>**

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

१. जनताको गुनासो सम्बोधन मार्फत सुशासन तथा संस्थागत क्षमता अभिवृद्धि गर्दै जनमूखी शासन व्यवस्था स्थापना गर्न गुनासो सुन्ने टेलिफोन हटलाईन सेवा हेलो किस्पाङ संचालन गर्न आवश्यक बजेट १लाख ७५ हजार विनियोजन गरेको छु।

२. गाउँपालिकाको क्षमता विकास योजना अनुरुप जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास को लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

३. स्थानीय न्यायिक समितिबाट हुने न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन वडा स्तरमा कानूनी सचेतना कार्यक्रम संचालन गर्न साथै मेलमिलाप कर्ताको कार्यलाई वडा स्तरमा विस्तार गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४. सेवाग्राहिको घर दैलोमा सेवा प्रवाह गर्न एकीकृत घुम्ति सेवा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

५. सुशासन र संस्थागत क्षमतालाई प्रभावकारी बनाउन वडाकार्यालयको भौतिक संरचना सुधार गर्न आवश्यक बजेट रु ६० लाख विनियोजन गरेकोछु ।

६. जनमुखी शासन, प्रशासनीक अनुशासन र वित्तीय सुशासन कायम गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७. स्थानीय तहको संस्थागत स्वःमूल्याङ्कन कार्य प्रतिवेदन अनुसार कार्ययोजना कार्यान्वयन गरी संस्थागत क्षमता विकास गर्ने र स्वःमूल्याङ्कन नतिजामा उल्लेखनीय सुधार गर्न साथै विकास र प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेकोछु ।

८. खरिद प्रणालीलाई व्यवस्थित गर्न खरिद गुरू योजना, वार्षिक खरिद को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. उत्तरदायी स्थानीय सरकार बनाउन सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण कार्यक्रम सञ्चालन र सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिकाको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।।

सेवा प्रवाह सु-शासन तथा संस्थागत क्षमता विकासको लागि रू.१८ लाख रकम र कर्मचारी पारिश्रमिक/पदाधिकारी सेवा सुविधा सहित कार्यालय संचालन तथा प्रशासनीक खर्चको लागि रु. ६ करोड ९० लाख गरी जम्मा रु ७ करोड ८ लाख रकम विनियोजन गरेको छु।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

<u>किस्पाङ गौरव योजना तथा कार्यक्रम</u>

२०८१।५।५।१

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काउले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

१. प्राविधिक शिक्षाको विकास मार्फत अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक जनशक्ति निर्माण गर्न गाउँपालिकाको आफ्नै लगानीमा संचालित किस्पाङ बहु-प्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट रकम रु २५ लाख बजेट विनियोजन गरेकोछु ।

२. कृषि तथा पशु क्षेत्रको विकास मार्फत आत्म निर्भर किस्पाङ निर्माण गर्न किस्पाङ कृषि रुपान्तरण परियोजना (कृषि तथा पशु लागत साझेदारी कार्यक्रम) संचालनको लागि आवश्यक बजेट रु ७० लाख विनियोजन गरेकोछु ।

३. **"समुन्नत पालिका हाम्रो सान म बनाउछु मेरो किस्पाङ"** भन्ने मूल नाराका साथ पालिकाको विकासमा श्रम सहभागिता बढाउन तथा समृद्धिका सम्पूर्ण आयामहरुमा स्वयंसेवक संस्था परिचालनकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. सामाजिक चेतनाको विकास, सवै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य गर्न भाषा साहित्य र मौलिक कला तथा संस्कृतिको जगेर्ना गर्न **किस्पाङ जागरण अभियान** संचालनको लागि ५ लाख बजेट विनियोजन गरेकोछु ।

५. स्नातक तह सम्मको शिक्षालाई स्थानीय स्तरमै व्यवस्था गर्न स्थापना गरिएको फिकुरी बहुमूखी क्याम्पस संचालनको लागि क्याम्पस संचालन अनुदानको लागि १० लाख बजेट विनियोजन गरेकोछु ।

६. परम्परागत तथा घरेलु उत्पादन तथा हस्तकलाका सामाग्रीहरुको प्रवर्धन गर्दै स्वरोजगारीको अवसर वृद्धि गर्न घरेलु उत्पादन तथा हस्तकलाका सामाग्री उत्पादन अनुदान कार्यक्रम संचालन गर्न बजेट रु ३ लाख विनियोजन गरेकोछु ।

७. दुम्पाङ पर्यटकिय पार्क तथा पर्यटकिय सौन्दर्य विकासको लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु ।

८. किस्पाङ भित्र लुकेर रहेको विभिन्न प्रतिभाको खोज र सम्मान गर्न **किस्पाङको सान प्रतिभाको सम्मान र किस्पाङ प्रतिभा खोजि कार्यक्रम** संचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेकोछु ।

९. **अध्यक्ष पालिका आपतकालित पुर्वाधार विकास कार्यक्रम** संचालन गर्ने ८ लाख बजेट विनियोजन गरेकोछु ।

१०. हाङकाङसोङ खानेपानी आयोजना मार्फत किस्पाङ गाउँपालिका वडा नं. २ र ५ खानेपानीको समस्या समाधानको लागि खानेपानीको उचित व्यवस्थापनको गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

११. उन्नत जातको बंगुर प्रजनन केन्द्र स्थापना तथा संचालनको लागि आवश्यक बजेट व्यवस्था गरेकोछु ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

किस्पाङ गौरवका योजना तथा कार्यक्रमको लागि रु २ करोड ५७ लाख ५० हजार विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यू हरु**

अब म किस्पाङ गाउँपालिकाको आगामी आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कुल बजेट विनियोजन र आम्दानीका स्रोत अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट**

- नेपाल सरकारबाट समानीकरण तर्फ रु. ७,३९,००,००० ।- (अक्षेरुपी सात करोड उनन्चालिस लाख मात्र)
- नेपाल सरकार बाट सशर्त तर्फ रु. १५,६७,०५,००० ।- (अक्षेरुपी पन्ध्र करोड सतसठ्ठी लाख पाँच हजार मात्र)
- नेपाल सरकार समपुरक अनुदान तर्फ रु. ५०,००,००० ।- (अक्षेरुपी पचास लाख मात्र)
- नेपाल सरकार राजश्व बाँडफाड तर्फ रु. ७,०४,००,००० ।- ( सात करोड चार लाख रुपैयाँ मात्र)
- बागमती प्रदेश सरकार समानीकरण तर्फ रु. ६३,९८,००० ।- (अक्षेरुपी त्रिसठ्ठी लाख अन्ठानब्बे हजार मात्र)
- बागमती प्रदेश सरकार बाट सशर्त तर्फ रु. ३,०८,२३,००० ।- (अक्षेरुपी तिन करोड आठ लाख तेइस हजार रुपैयाँ मात्र)
- बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रु. ८०,००,००० ।- (अक्षेरुपी असी लाख मात्र)
- बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. २,९०,००,००० ।- (अक्षेरुपी दुई करोड नब्बे लाख मात्र)

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष

- बागमती प्रदेश सरकार राजश्व बाँडफाड तर्फ रु. १,२४,१६,६०० ।- (अक्षेरुपी एक करोड चौबिस लाख सोह्र हजार छसय रुपैया मात्र)
- गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १,४०,००,०००।- (अक्षेरुपी एक करोड चालिस लाख मात्र)
- उल्लेखित स्रोतहरुबाट अपुग हुने रु. ६,१९,५५,९०१।-(अक्षेरुपी ६ करोड १९ लाख ५५ हजार ९ सय १ रुपैया मात्र) चालु आ.व. को असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट पूर्ति हुने अनुमान गरेको छु ।

आ.व. २०८१/८२ को लागि सम्पुर्ण अनुमानीत आय अनुसार चालु तर्फ रु ३३ करोड ३५ लाख ४८ हजार ५ सय १ र पूजींगत तर्फ १३ करोड ५० लाख ५० हजार गरी कुल जम्मा रु ४६ करोड ८५ लाख ९८ हजार ५ सय १ रुपैया बजेट विनियोजन गरेको छु । विस्तृत विवरणहरु अनुसूचीहरुमा समावेश गरेको छु ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**
**सभाका सदस्य ज्यू हरु**

आर्थिकवर्ष २०८१।८२ को बजेटले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रभावकारी हुने बिश्वास गरेको छु । यस बजेटले गाउँबासी जनसमुदाय, विकास साँझेदार, निजि क्षेत्र, सहकारी र समुदायमा आधारित संस्थाहरुको अपेक्षा पूरा गर्ने बिश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

**अन्तमा**

आर्थिक वर्ष २०८१।८२ को बजेट तयारीको लागि खटिने सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु साथै यस कार्यमा रचनात्मक सहयोग गर्ने राजनीतिक दल, विकास साँझेदार, गैरसरकारी संस्था, संचारकर्मी, उद्यमी व्यवसायी, बुद्धिजीवि, किसान, महिला तथा विभिन्न पेशामा संलग्न शुभेच्छुकहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

विरवल तामाङ
अध्यक्ष